
# ब्रह्मपुरी गाउँपालिकाको
# समावेशी शिक्षा नीति तथा निर्देशिका

## Brahmapuri Rural Municipality Inclusive Education Policies and Guidelines



ब्रह्मपुरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
ब्रह्मपुरी, सर्लाही
प्रदेश नम्बर २

विषयसूची


१. पृष्ठभूमि ........ १
२. विगतका प्रयास ........ २
३. वर्तमान अवस्थाः ........ ३
४. समस्या तथा चुनौती ........ ७
५. समावेशी शिक्षा नीतिको आवश्यकता ........ ९
६. दूरदृष्टि ........ ९
७. लक्ष्य ........ ९
८. उद्देश्य ........ ९
९. रणनीति ........ १०
१०. नीति तथा कार्यक्रम ........ ११
१०.१ प्रारम्भिक बालविकास कार्यक्रम ........ ११
१०. २ समतामूलक पहुँचको सुनिश्चिततासहितको आधारभूत शिक्षा ........ ११
१०.३ प्राविधिक ज्ञान र सीप भएका जनशक्ति उत्पादन गरने माध्यमिक शिक्षा ........ १२
१०.४ मदरसा शिक्षाको सुदृढीकरण ........ १२
१०.५ शैक्षिक गुणस्तर ........ १२
१०.६ अपाङ्गतामैत्री वातावरण ........ १२
१०.७ स्थानीय पाठ्यक्रम ........ १३
१०.८ निजी विद्यालयको नियमन ........ १३
१०.९ पेसागत तालीम ........ १३
१०.१० विद्यालय व्यवस्थापनमा समावेशिता ........ १३
१०.११ विद्यालयमा सूचना सञ्चार प्रविधिको प्रयोग ........ १४
१०.१२ वैकल्पिक शिक्षाको प्रयोग ........ १४
११. नीति कार्यान्वयनको जिम्मेवारी ........ १४
१२. संस्थागत व्यवस्था ........ १५
१३. कानुनी व्यवस्था ........ १५
१४. अनुगमन तथा मूल्याङ्कन ........ १५

## १. पृष्ठभूमि

नेपालमा संघीयताको कार्यान्वयनपछि गठन गरिएको प्रदेश नं २ को सर्लाही जिल्लाका २० वटा स्थानीय तहमध्ये ब्रह्मपुरी गाउँपालिका एक हो । छिमेकी मुलुक भारतसँग दक्षिण सिमाना भएको यस गाउँपालिकामा ७ वटा वडा छन् । स्थानीय ब्रम्हबाबा भन्ने देवताको नामबाट रहन गएको यस  गाउँपालिकामा विभिन्न जातजाति र भाषाभाषिका मानिसहरू बस्दछन् । यस गाउँपालिकामा सामुदायिक स्तरमा विभिन्न तहका १३ वटा विद्यालय धार्मिक  बिधालय ४ वता गरि जम्मा १७ वटा विद्यालयबाट औपचारिक शिक्षाको प्रबन्ध गरिए ता पनि शिक्षामा पहुँच र सक्षमताको दृष्टिले निकै कमजोर मानिन्छ । सामाजिक, सांस्कृतिक,जातीय र आर्थिक विविधताका कारण विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, कक्षा उतिर्ण दर , उपलब्धि दर, तह पार गर्ने दर र साक्षरता प्रतिशत सन्तोषजनक छैन ।

एकात्मक शासन पद्धतिबाट देशका विकट ग्रामीण क्षेत्रको समुचित विकास कठिन हुने ठानी संवैधानिक प्रावधानबमोजिम स्थानीय तहमा नै जनताले चुनेको सरकार गठन गरी कार्य प्रारम्भ भएको पनि ३ वर्ष बितिसकेको छ तापनि आशातीत विकास हुन सकिरहेको छैन । विकासको पहिलो ढोका भनेको त्यस भूगोलमा वसोवास गर्ने मानिसहरुको शिक्षा नै हो । शिक्षाले मानिसलाई स्वस्थ्य बन्न प्रेरित गर्दै अन्य क्षेत्रको विकासका क्षेत्रहरू पहिल्याउँछ । विडम्बना, यस गाउँपालिकामा साधारण धार र प्राविधिक धारका माध्यमिक विद्यालय, आधारभूत विद्यालय र निरन्तर शिक्षाका विभिन्न कार्यक्रम सालबसाली चल्दै आए तापनि शैक्षिक सूचकमा कमजोर रहेको पाइन्छ । यस गाउँपालिकामा पनि सामाजिक, आर्थिक, भाषिक, सीमान्तीकृत वा अन्य कारणले शिक्षामा बहिष्कृत हुनेको संख्या ठूलो छ । कमजोर शैक्षिक अवस्थाका कारण उद्यमशीलताको अवस्था नाजुक रहनु, रोजगारीको दर कम हुनु, न्यून पारिश्रमिकमा जनशक्ति अलमलिनाले आर्थिक रूपमा पिछडिन गई ठूलो संख्यामा युवाहरू जोखिमपूर्ण वैदेशिक रोजगारीमा जान बाध्य हुनु जस्ता लक्षण देखिएका छन् ।

नेपालको वर्तमान संविधानको धारा ३१ ले प्रत्येक नागरिकको आधारभूत शिक्षामा पहुँच सम्बन्धी हक सुनिश्चित गर्न अनिवार्य र निःशुल्क गरिएको, माध्यमिक तह निःशुल्क गरिएको, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई विशेष व्यवस्था र हरेक नेपाली नागरिकले मातृभाषामा शिक्षा लिन पाउने व्यवस्था गरिएको छ । संवैधानिक

प्रावधानलाई व्यवहारमा उतार्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई आफ्नो कार्यक्षेत्रमा विषयगत ऐन नियम कार्यविधि बनाई सो को कार्यान्वयनका लागि नीति तथा योजना बनाउने अधिकार दिएको छ .

गाउँपालिका सधैं परंपरागत रूपमा कमजोर बनेर बसिरहन सक्दैन । यसको आशातीत विकासका लागि योजनाबद्ध विकास हुनुपर्दछ । गुणस्तरीय शिक्षामा सबैको समतामूलक पहुँच वृद्धिका लागि ब्रह्मपुरी गाउँपालिकाले विकासमा फड्को मार्न एउटा सुव्यवस्थित योजनामा हिँड्नैपर्छ । ।संघीय तहबाट राष्ट्रिय शिक्षा नीति, २०७६ जारी भै सकेको परिप्रेक्षमा शिक्षाको मूल बाटामा हिँड्नबाट बहिष्करणमा परेका समाजका विभिन्न तह र वर्गका बालबालिकाहरूलाई अर्थपूर्ण ढंगबाट समेटी स्वावलम्बी बनाउने कार्यमा लगाउन समावेशी शिक्षा नीतिको जरुरत पर्ने भएकाले सरोकारवाला विभिन्न पक्षको सामूहिक सरसल्लाहबाट यो नीति तर्जुमा गरिएको हो । यो नीति ब्रह्मपुरी गाउँपालिकाको गाउँ सभाबाट पारित गरेपछि लागु हुनेछ ।

## २. विगतका प्रयास

यस गाउँपालिकामा सबै बालबालिकालाई गुणस्तरीय विद्यालय शिक्षा उपलब्ध गराउने प्रयोजनमा प्रमुख रूपमा देहायका कामहरू भएका छन् ।

क. हरेक वडामा विद्यालयको व्यवस्था
ख. शिक्षामा वैकल्पिक प्रबन्ध स्वरूप मदरसा शिक्षाको व्यवस्था
ग. विद्यालयलय स्तरोन्नति गर्न नमुना विद्यालय कार्यक्रम र अनुदान सहयोग
घ. खाँचोमा आधारित प्राविधिक धारका कार्यक्रमहरू
ङ. प्रारम्भिक बालविकास कक्षाको विस्तार एवं सुधार
च. थप शिक्षक र शिक्षकको पेसागत विकास तालिमको व्यवस्था
छ. बालमैत्री कक्षा स्थापनार्थ थप प्रबन्ध

ब्रह्मपुरी गाउँपालिकामा सामुदायिक स्तरमा कक्षा १ - १२ सञ्चालित विद्यालय २ वटा, कक्षा १ -१० सञ्चालित ३ वटा गरी जम्मा ५  वटा माध्यमिक विद्यालय छन् । यस पालिकाका ३ वटा वडामा माध्यमिक विद्यालय छैनन् । त्यस्तै कक्षा १ - ८ सञ्चालित विद्यालय एक वटा र कक्षा १ - ५ सञ्चालित आठ वटा विद्यालय गरी नौवटा आधार भूत तहका विद्यालय छन् । मुस्लिम समुदायमा धार्मिक शिक्षा प्रदान गर्नका लागि ५ वटा मदरसा सञ्चालित छन् । एउटा माध्यमिक विद्यालयलाई जिल्लाको नमुनाका रूपमा विकास गर्ने कार्यक्रम रहेको छ जसमा प्राविधिक धारको  २ वटा समेत पढाइ

हुन्छ । प्राविधिक धार सञ्चालित विद्यालयमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त कम्प्युटर इन्जिनियरिङ्गको डिप्लोमा तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रमबाट कम्प्युटर विषयको पढाइ हुन्छ । यस गाउँपालिकाको पहलमा प्रारम्भिक तीनवटा नयाँ बालविकास केन्द्र थप गर्ने तयारी भएको छ भने भौगोलिक विकटता रा जनसंख्याको चापलाई मध्यनजर गरी कक्षा १ - ८ सञ्चालित दुईवटा आधारभूत विद्यालयलाई माध्यमिक विद्यालयका रूपमा विकास गर्ने गरी तयारी गरिएको छ। विद्यालय र विद्यार्थी संख्याको दाँजोमा शिक्षक कम हुन गई पठनपाठन हुन कठिनाइ भएको अवस्थालाई मध्यनजर राखी आधारभूत तहमा १७ जना र माध्यमिक तहमा एक जना स्वयंसेवक शिक्षक नियुक्त गरी काममा लगाइएको छ । प्रदेश सरकारको सहयोगमा कृषि विषयमा प्राविधिक धारको विषय अध्यापन गराउनका लागि तयारी कार्य समेत भइरहेको छ । बालमैत्री शिक्षण सिकाइका लागि विकास गरिएका तीनवटा विद्यालयमा आवश्यक प्रबन्ध गर्नका लागि गाउँपालिकाबाट पाँच लाखका दरले बजेट बिनियोजन गरिएको छ। शिक्षकहरूको पेसागत विकासका लागि सरकारी तथा गैह्रसरकारी संघसंस्थाको सहयोगमा बेलाबेलामा तालिम कार्यशालाको आयोजना भइआएको छ। विद्यालय शिक्षामा छात्राको पहुँच विस्तारका लागि साइकल वितरण गरिएकोमा यसको सफल कार्यान्वयनका कारण विद्यालयमा छात्राको नियमित उपस्थितिमा उल्लेखनीय सुधार आएको छ । यस गाउँपालिकामा सञ्चालित सबै विद्यालयहरूको स्तरोन्नति गर्नका लागि एकमुष्ट अनुदान सहयोगको व्यवस्था गरिएको छ। केही विद्यालयहरूमा बत्ती बाल्ने प्रयोजनका लागि सोलार प्यनेल जडान गरिएको छ। साना बालबालिकाहरूको स्वास्थ्यलाई ख्याल राखी विद्यालयमा नियमित गराउनका लागि दिवा खाजाको प्रबन्ध समेत गरिएको छ । माध्यमिक तहमा अन्तर विद्यालय भ्रमणबाट शैक्षिक गुणस्तरमा सुधार हुने ठानी प्रत्येक विद्यालयमा रु एक लाखका दरले रकम उपलब्ध गराइएको छ ।

## ३. वर्तमान अवस्था:

### अ. शैक्षिक अवस्था:

यस खण्डमा सन् २०१८ को विद्यालय शिक्षाको तथ्याङ्कका आधारमा ब्रह्मपुरी गाउँपालिकाको अवस्था चित्रण गरिन्छ। यहाँ उल्लिखित तथ्याङ्कको स्रोत शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानवस्रोत विकास केन्द्र हो । शैक्षिक तथ्याङ्कको मूल अंशलाई अनुसूचीमा राखिएको छ ।

१. **शैक्षिक संस्थाको विवरण:** ब्रह्मपुरी गाउँपालिकामा आधारभूत विद्यालय

८ वटा कक्षा १-१० सञ्चालित माध्यमिक विद्यालय ३ वटा र कक्षा कक्षा १-१२ सञ्चालित माध्यमिक विद्यालय २ वटा गरी जम्मा ५ वटा माध्यमिक विद्यालय सञ्चालित छन् । त्यस्तै यस गाउँपालिकामा ११ वटा निजी क्षेत्रबाट सञ्चालित विद्यालय र ४ वटा मदरसाले शिक्षा प्रवाह गर्दै आएका छन् ।

२. **तहगत विद्यार्थी संख्या:** ब्रह्मपुरी गाउँपालिकामा आधारभूत तहको कक्षा १-५ सम्म अध्ययन गर्ने विद्यार्थी संख्या ५४६७ रहेको छ भने सोही तहको कक्षा ६-८ मा ११३९ जना र माध्यमिक तहको कक्षा ९-१० मा ५७१ जना अध्ययनरत छन् । तथा कक्षा ११ र १२ मा अध्य्यनरत ....... छन ।

३. **विद्यालय विद्यार्थी अनुपात:** यस गाउँपालिकाका कक्षा १-५ सञ्चालित आधारभूत विद्यालयमा औसत ३९१ जना, कक्षा ६-८ सञ्चालित आधार भूत विद्यालयमा औसत ३८० जना र कक्षा १-८ सञ्चालित आधारभूत विद्यालयमा औसत ४७२ जना विद्यार्थी अध्ययनरत छन् । त्यस्तै कक्षा ११-१२ मा यस पटक विद्यार्थी ........ कक्षा ९-१२ को मा वि मा औसतमा २८६ जना विद्यार्थी र अन्त्यमा कक्षा १-१२ मा प्रति विद्यालय औसत ५१३ जना विद्यार्थी अध्ययनरत छन् ।

४. **प्रारम्भिक बालविकास केन्द्रका बालबालिका:** यस गाउँपालिकामा सञ्चालनमा रहेका १९ वटा बालविकास केन्द्रमा ५८७ जना बालबालिका अध्ययनरत छन् । यसले लक्षित बालबालिकाले यो सुविधा नलिएको जनाउँछ ।

५. **प्रारम्भिक बालविकास केन्द्रमा दलित विद्यार्थी संख्या:** यस गाउँपालिकाका २६छात्रा र १८ छात्र गरी जम्मा ४४ जना बालबालिका प्रारम्भिक बालविकास केन्द्रमा जान्छन् जुन जनसंख्याको आधारमा ज्यादै न्यून हो ।

६. **जनजाति समुदायका विद्यार्थी संख्या:** प्रारम्भिक बालविकास केन्द्रमा जनजाति समुदायबाट जम्मा २ जना बालबालिका मात्र जानुले ठूलो संख्याका जनजातिका बालबालिका यो सुविधाबाट विमुख रहेको तथ्य उजागर गर्छ ।

७. **पूर्व प्राथमिक तहमा खुद भर्ना दर:** पूर्वप्राथमिक तहमा छात्राको खुद भर्ना दर ७५.५ र छात्रको खुद भर्ना दर ७२.२ र कुल विद्यार्थीहरुको खुद भर्ना दर ७३.७ रहेको पाइन्छ जुन कमजोर अवस्थाको सूचक हो ।

८. **कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थी:** यस शैक्षिकसत्र २०७७मा कक्षा १ मा ४७३ छात्रा र ४५० छात्र गरी जम्मा ९२३ जना बालबालिका भर्ना भएका थिए । यो उमेर समूहका सबै बालबालिका कक्षा १ मा भर्ना नभएको पुष्टि

हुन्छ ।

९. **प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ को भर्ना भएका विद्यार्थी:** यस शैक्षिक सत्रमा कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये २८८ जना छात्रा र २७६ जना छात्र गरी जम्मा ५६४ जनाले मात्र यो अनुभव लिनुले सबै बालबालिकामा प्रारम्भिक बालविकासको सुविधा नपुगेको बुझिन्छ ।

१०. **आधारभूतदेखि माध्यमिक तहसम्म दलित समुदायका बालबालिकाको विद्यालय उपस्थिति -** यस गाउँपालिकाका विद्यालयमा कक्षा १ मा २०१ जना, कक्षा २ मा २३१ जना, कक्षा ३ मा २६६ जना, कक्षा ४ मा २२५ जनार कक्षा ५ मा १४८ जना गरी यस गाउँपालिकामा कक्षा १-५ सम्म १०७१ जना दलित समुदायका विद्यर्थी अध्ययनरत छन् । त्यस्तै कक्षा ६ मा ५५ जना, कक्षा ७ मा ३६ जना, कक्षा ८ मा ३१ जना गरी कक्षा ६-८ मा जम्मा १२२ जना दलित समुदायका विद्यार्थी अध्ययनरत छन् । यस्तै गरी कक्षा ९ मा २९ जना, कक्षा १० मा २५ जना गरी कक्षा ९-१० मा जम्मा ५४ जना दलित समुदायका विद्यार्थी अध्ययनरत भेटिनुले यस समुदायका विद्यालय उमेर समूहका सबै बालबालिका विद्यालय नजाने र तह बढ्दै गर्दा विद्यार्थी घट्दै जाने प्रवृत्ति रहेको पुष्टि हुन्छ ।

११. **विभिन्न तहमा खुद भर्ना दर प्रतिशत:** कक्षा १ को खुद भर्ना दर ९६.६ छ भने आधारभूत तहमा ७६.१ र माध्यमिक तहमा ४०. ७ प्रतिशत हुनुले सुधार गर्नुपर्ने ठाउँ धेरै रहेको जनाउँछ ।

१२. **विद्यालय जाने उमेर समूहका बालबालिकाको संख्या:** यस गाउँपालिकामा विद्यालय जाने उमेर समूहका ५ वर्षका बालबालिकाको संख्या ८३४ रहेको छ भने ५-१२ वर्षको उमेर समूहमा ६२०५ र १३-१६ वर्षको उमेर समूहमा ९३५ जना बालबालिका रहेका छन् ।

१३. **विद्यालयबाहिर रहेका बालबालिकाको संख्या:** यस गाउँपालिकामा गणनाका बखत ५ वर्ष उमेर समूहमा २८ जना, ५-१२ उमेर समूहमा ७८४ जना र १३-१६ उमेर समूहमा ३८४ जना बालबालिका विद्यालय बाहिर रहेको पाइयो । यस गाउँपलिकाको प्रमुख ध्यान विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई विद्यालयमा भित्र्याउनु हुनुपर्दछ ।

१४. **विद्यालयका राहत र दरबन्दीमा कार्यरत शिक्षक संख्या:** यस गाउँपालिकाका सबै विद्यालयमा राहत र दरबन्दीमा आधारभूत तहमा ६६ र २७ जना गरी

जम्मा ९३ जना र माध्यमिक तहमा १८ जना शिक्षक कार्यरत छन् ।

१५. **विद्यार्थी शिक्षक अनुपात:** यस गाउँपालिकाका प्राथमिक तहका ८३ जना, निम्न मा वि मा ४२ जना र मा वि तहमा ३८ जना विद्यार्थीलाई एक जना शिक्षक पर्दछन् ।

१६. **कक्षागत तह वृद्धि दर:** यस गाउँपालिकाको प्राथमिक तहको कक्षा वृद्धि दर ९१.६ प्रतिशत भएकोमा निम्न माध्यमिक तहमा ९०.१ प्रतिशत र माध्यमिक तहमा ९३.१ प्रतिशत रहेको पाइयो । यसबाट प्राथमिक तहको भन्दा निम्न माध्यमिक तहमा केही घटेको र माध्यमिक तहमा भने थोरै सुधार आएको पाइन्छ ।

१७. **कक्षा दोहोऱ्याउने दर:** यस गाउँपालिकामा कक्षा १ मा १४.५ प्रतिशत विद्यार्थीले कक्षा दोहोऱ्याउँछन् भने प्राथमिक तहमा ५.५ प्रतिशतले, निम्न माध्यमिक तहमा ३.९ प्रतिशतले र माध्यमिकमा ३.१ प्रतिशतले कक्षा दोहोऱ्याउँछन् । कक्षा दोहोऱ्याउनु भनेको शैक्षिक क्षतिको संकेत हो । शैक्षिक प्रयासले यो दर शून्यमा झार्नुपर्छ ।

१८. **कक्षा छाड्ने दर:** यस पालिकाको प्राथमिक तहमा २.९ प्रतिशत विद्यार्थीले कक्षा छाड्छन् भने निम्न माध्यमिक र माध्यमिक तहमा क्रमशः ६ प्रतिशत र ३.८ प्रतिशत विद्यार्थीले कक्षा छाड्छन् । तह पार नगर्दै कक्षा छाड्नु राम्रो लक्षण होइन । यसलाई शून्यमा झार्नुपर्छ ।

१९. **विद्यालय भौतिक पूर्वाधार:** यस गाउँपालिकाको  तिन वटा विद्यालयमा विज्ञान प्रयोगशाला, कम्प्युटर प्रयोगशाला र इन्टरनेट सुविधा उपलब्ध छ भने सबै विद्यालयमा पिउने पानी तथा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय सुविधा उपलब्ध छ ।

२०. **समावेशी जनशक्ति:** यस गाउँपालिकाका विद्यालयमा अपाङ्गता भएका व्यक्तिबाट कोही पनि शिक्षक नभएको, महिला र दलित समुदायबाट कोही पनि प्रधानाध्यापक नभएको तथा विद्यालय व्यवस्थापन समितिमा महिला र दलित समुदायबाट कोही पनि अध्यक्ष नभएको अवस्थाले विधयालयको शासन पद्धतिमा समावेशिता नभएको देखाउँछ ।

२१. **बालक्लब सञ्जाल गठनको अवस्था:** खुसीको कुरा यो छ कि यस गाउँपालिकाका सबै विद्यालयमा बालक्लब सञ्जाल गठन भएका र सबैमा क्रियाशील छन् । अबका दिन शैक्षिक कार्यक्रमले गठन भएका बालक्लबलाई

नियमितता दिने र अद्यावधिक गर्ने काम गर्नुपर्दछ ।

**आ. शैक्षिक दृष्टिकोणले पछाडि परेका समुदायः**

ब्रह्मपुरी गाउँपालिकाका शैक्षिक दृष्टिकोणले पछाडि परेका समुदायका रूपमा देहायका समुदायलाई लिइएको छ ।

क. सामाजिक कारणले बन्चित भएको विद्यार्थीः छात्रा, दलित, जनजाति र मुस्लिम

ख. अन्य कारणले बहिष्करणमा परेका विद्यार्थीः अपाङ्गता भएका, गरिबीको दुश्चक्रमा परेका, द्वन्दपीडित

ग. सीमान्तीकृत (उपेक्षामा परेका) समुदायका विद्यार्थीः Dushad, Chamar, Mushahar, Lohar, dom, Bin, Malah, aghori

## ४. समस्या तथा चुनौती

समावेशी शिक्षा नीतिले शैक्षिक प्रक्रियामा अर्थपूर्ण रूपमा समावेश हुन नसकेका अवयवहरूलाई पहिचान गरी समावेश हुन नसकेका कारणहरू पहिल्याउने र तिनको यथोचित समाधान गर्ने सूत्र प्रतिपादन गर्दछ । शैक्षिक प्रक्रियामा कुनै पक्षको सार्थक सहभागिता हुन नसक्नुमा साधारण र विशिष्ट दुवै कारणहरू हुन सक्छन् । समावेशी शिक्षाका बाधकहरूलाई पन्छाउन गरिएको प्रयत्नले कार्यक्रममा बहिष्करणमा परेका र नपरेका दुबै पक्षलाई लाभान्वित गराउँछ । साधारण भौतिक पूर्वाधार, जनशक्तिको व्यवस्थापन, नियिमत कार्यक्रमको सहजतासहित यसको प्रभावकारी कार्यान्वयनले विशिष्ट अवस्थामा रही बहिस्करणको अवस्थामा पुगेका व्यक्तिहरूलाई समेत न्यूनतम वातावरण मिल्दछ । साधारण अवस्थाको पूर्णता भएमा मात्र उक्त अवस्थामा आवश्यकीय रूपान्तरण गरी विशेष व्यवस्था गर्न सकिन्छ । तसर्थ यस खण्डमा ब्रह्मपुरी गाउँपालिकाको शैक्षिक विकासमा देखिएका साधारण र विशिष्ट चुनौतीको विश्लेषण गरिन्छ ।

**क. पहुँचयोग्य दूरीमा विद्यालयः** यस गाउँपालिकाका सबै वडाहरूमा आधारभूत तहको विद्यालय भएको र सबै ले माध्यमिक तहका विद्यालय नहुनाले आधारभूत तह उतिर्ण गरेपछि माध्यमिक तहको खोजीका लागि विद्यर्थीहरू केही टाढाका विद्यालयमा जान्छन् भने धेरैले विद्यालय छाड्छन् । आफ्नो

निकटमा भएका विद्यालयमा पनि बालमैत्री सुविधा समावेशी वातावरण र प्रोत्साहनको अभावका कारण सबै बालबालिका विद्यालय प्रवेश गर्न सकेका छैनन् ।

ख. **विद्यालय भौतिक पूर्वाधारर अपाङ्गतामैत्री:** माथि वर्तमान अवस्थाको विश्लेषणबाट प्रष्ट हुन्छ कि यस गाउँपालिकाका प्राय सबै विद्यालयहरूमा विद्यालय भौतिक पूर्वाधारका दृष्टिले कमजोर छन् । विद्यालयमा फर्निचरसहितको विवरण उल्लिखित तथ्याङ्कबाट प्रष्ट छन् ।

ग. **तालिमप्राप्त शिक्षक कर्मचारीको अपर्याप्तता:** विद्यालय, विद्यार्थीसंख्या, कक्षा र विषयका आधारमा शिक्षक दरबन्दी अपुग छ ।विद्यालयमा कार्यरत कर्मचारीलाई उपलब्ध सुविधामा न्यूनताका कारण पर्याप्त सेवा लिन सकिएको अवस्था छैन भने सबै विद्यालयमा यस प्रकारको जनशक्ति पनि छैन । विद्यालयका प्रधानाध्यापक, शिक्षक र कर्मचारीमा महिला अपाङ्गाता भएकाहरूको संख्या प्रायः शून्य छ ।

घ. **बहुभाषिक कार्यक्रम र सिकाइ सामग्री (साङ्केतिक भाषा र ब्रेल लिपिसमेत) को अभाव:** बहुभाषिक यस यस गाउँपालिकामा बहुभाषिक कक्षा सञ्चालनमा छैन । कुन प्रकारका अपाङ्गता भएका बालबालिकाको संख्या कति छ, सो को यथार्थ विवरण नहुनाले उनीहरूलाई पुऱ्याउने सुविधा र त्यसको प्रकारको आकलन गर्न कठिनाइ छ ।

ङ. **शिक्षण वातावरण शैक्षिक सामग्री व्यवस्थापनको कमजोर व्यवस्थापन:**

च. **सूचना सञ्चार पद्धतिको प्रयोग:** विद्यालयमा टेलिफोनबाहेक सूचनासञ्चार प्रविधिको प्रयोग पक्ष कमजोर छ । न्यूनतम पूर्वाधार र प्रययोगकर्ताको सीपको अभावका कारण व्यवस्थापकीय कार्यमा समेत सूचनासञ्चार पद्धतिको प्रयोग भएको छैन ।

छ. **खानेपानी र चमेना गृहको सुविधा:** विद्यालयहरू सफा पिउनेपानी र स्वस्थकर चमेनागृहको अभावमा चलेका छन् ।

ज. **लैङ्गिकमैत्री र अपाङगतामैत्री शौचालय:** प्राय सबैजसो विद्यालयमा शौचालय भएता पनि छात्रा र अपाङ्गमैत्री सुविधा, पर्याप्त पानी र नियमित सरसफाईका अभावका कारण विद्यालयबाट विद्यार्थी विकर्षित भएका छन् ।

झ. **खेल तथा मनोरञ्जन सुविधा:** अधिकाँश विद्यालयहरुमा व्यवस्थित खेल तथा मनोरञ्जनका लागि व्यवस्थित कार्यक्रम र सुविधा छैन ।

ञ. **संघीयताको कार्यान्वयनसँगै** शिक्षा प्रशासनका प्राविधिक जनशक्तिको अभावका कारण विद्यालयमा अनुगमन तथा मूल्याङ्कन पद्धति कमजोर भएको छ ।

## ५. समावेशी शिक्षा नीतिको आवश्यकता

वर्तमान नेपालको संविधानले व्यवस्था गरेको शिक्षासम्बन्धी मौलिक हक, राज्यको पुनःसंरचना र अधिकारको बाँडफाँड, राष्ट्रिय शिक्षा नीति, २०७६, संघीयताको सिद्धान्तबाट स्थानीय जनताले गरेको अपेक्षालाई सम्बोधन गर्न परंपरागत शिक्षा व्यवस्थामा कार्य पद्धतिको अभ्यासलाई पुनरावलोकन गर्न जरुरी छ । आफू सुहाउँदो समावेशी शिक्षा नीतिको प्रभावकारी कार्यान्वयनबाट मात्रै समावेशी र समतामूलक गुणस्तरीय शिक्षा र सबैका लागि जीवनपर्यन्त सिकाइका लागि घोषणापत्र र कार्य योजना र शिक्षामा गुणस्तरीयता कायम गर्नका लागि दिगो विकासका रणनीतिले परिकल्पना गरेका लैङ्गिक समता र समावेशितासहितको विषयवस्तुले पूर्णता पाउने भएकले नेपालका हरेक स्थानीय तहले समावेशी शिक्षा नीति बनाउँदै लागु गर्ने परंपरा स्थापित भएबमोजिम यसको महत्व बढेको हो ।

नेपालमा प्रदेश नं २ मानव विकास सूचकांकमा कमजोर मानिएको अवस्थामा यस प्रदेशको जिल्ला सर्लाहीको एक गाउँपालिकाको शैक्षिक अवस्था अपेक्षाकृत स्तरको हुन नसक्नु स्वाभाविक हो । यस परिप्रेक्ष्यमा ब्रह्मपुरी गाउँपालिकाको शैक्षिक सुधारमा समावेशी सहभागिता र कार्यक्रमको हस्तक्षेप हुनु वाञ्छनीय देखिएकाले समावेशी शिक्षा नीतिको आवश्यकता परेको हो ।

## ६. दूरदृष्टि

"असल र सक्षम नागरिकको नगरी, शिक्षामा नमुना पालिका ब्रह्मपुरी"

## ७. लक्ष्य

ब्रह्मपुरी गाउँपालिकामा गुणस्तरीय तथा समतामूलक शिक्षाको माध्यमबाट सक्षम नागरिक तयार गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी मानवस्रोतको विकास गर्ने ।

## ९. उद्देश्य

१. बालबालिकामा प्रारम्भिक बालविकास केन्द्रको अनुभवसहित अनिवार्य आधारभूत शिक्षा र निःशुल्क माध्यमिक तहमा गुणस्तरीय र जीवनोपयोगी शिक्षामा समावेशी पहुँच सुनिश्चित गर्ने ।
२. तोकिएको मापदण्डसहितको विद्यालयको भौतिक पूर्वाधारको विकास गर्ने ।
३. विद्यालय शिक्षासँग सम्बन्धित जनशक्तिमा पेसागत क्षमताको अभिवृद्धि गर्ने ।
४. विद्यालय शिक्षाको सुशाकीय क्षमतामा सुधार गर्ने ।
५. समता तथा समावेशितासहितको जीवनपर्यन्त शिक्षाका अवसरहरू सुनिश्चित गर्ने ।

## ९. रणनीति

१. कक्षा १ मा प्रवेश गर्नुपूर्व प्रारम्भिक बाल्यावस्थाका सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकासको सुविधा उपलब्ध गराउने ।
२. आधारभूत तहका विद्यालय शिक्षामा समतामूलक पहुँचको सुनिश्चिततासहित पूर्ण रूपमा अनिवार्य तथा निःशुल्क गर्ने ।
३. माध्यमिक तहको शिक्षामा प्राविधिक ज्ञान र सीपको व्यवस्था गरी व्यक्तिलाई व्यवसाय उन्मुख गराउने ।
४. यस गाउँपालिकामा रहेका मदरसामा सञ्चालित शैक्षिक कार्यक्रमको सुदृढीकरण गर्ने ।
५. विद्यालय शिक्षाका हरेक तहमा गुणस्तरीयता कायम गर्नका लागि मौलिक मापदण्ड बनाई लागु गर्ने ।
६. विद्यालयको भौतिक तथा शैक्षिक अवस्थालाई अपाङ्गमैत्री बनाउँदै अपाङ्गता भएका बालबालिकालाई उनीहरूको अवस्था अनुकूल बनाउँदै नियमित कक्षामा समाहित गर्ने र जटिल प्रकृतिका अपाङ्गता भएका बालबालिकाहरूका लागि उनीहरूको अवस्था अनुकूलको स्रोतकक्षाको विकास तथा सुधार गर्ने ।
७. आधारभूत तहका कक्षा ३ सम्म बालबालिकाको भाषिक अवस्था र अभिभावकको सल्लाहमा मातृभाषामा पठनपाठनको व्यवस्था गर्ने ।
८. स्थानीय ज्ञान तथा सीपलाई प्रवर्धन गर्नका लागि आधारभूत तहमा स्थानीय पाठ्यक्रम बनाई लागु गर्ने ।
९. निजी स्तरबाट सञ्चालित विद्यालयको प्रभावकारी नियमन गर्ने ।

१०. विद्यालय शिक्षामा कार्यरत जनशक्तिको पेसागत तालिमलाई समावेशी र बालमैत्री विषयवस्तुहरू समावेश गरी निरन्तरता दिने ।

११. विद्यालय व्यवस्थापनका विभिन्न संरचनाको समावेशी आधारमा सुशासकीय क्षमता विकास गर्ने ।

१२. सबै विद्यालयमा सूचना सञ्चार प्रविधिको पूर्वाधार विस्तार गरी प्रत्यक्ष वा परोक्ष रूपमा सिक्नका लागि भर्चुअल सिकाइ सामग्रीको विकास गर्ने ।

१३. वैकल्पिक शिक्षाका माध्यमबाट समाजका सबै व्यक्तिहरूलाई निरक्षरता उन्मूलन गर्दै जीवनोपयोगी सीप विकासका अवसरहरू उपलब्ध गराउने ।

## १०. नीति तथा कार्यक्रम

### १०.१ प्रारम्भिक बालविकास कार्यक्रम

क. जनसंख्याको आधारमा समुदायमा वा विद्यालयमा समावेशी र गुणस्तरीय सुविधासहितको बालविकास केन्द्रको विकास वा स्थापना गरिने ।

ख. बालविकास केन्द्रमा सहजीकरण गर्ने शिक्षकलाई नियमित तालिमको व्यवस्था गरिने ।

ग. बालविकास केन्द्रमा दिवा खाजाको व्यवस्था गरिने ।

घ. बालविकास केन्द्रमा खेल्ने, रमाएर सिकने वातावरण सिर्जना गर्नका लागि आवश्यक सामग्रीसहितको व्यवस्थापन गरिने ।

ङ. बालविकास केन्द्रमा नियमित रूपमा दिनुपर्ने बालस्वास्थ्य सेवा उपलब्ध गराइने ।

च. अपाङ्गता भएका बालबालिकालाई समेत सुविधा उपलब्ध गराउने गरी व्यवस्थापन गर्ने ।

छ. बालविकास केन्द्रको व्यवस्थापन समावेशी आधारमा गठित अभिभावकहरूको समितिले गर्ने ।

ज. प्रारम्भिक बाल्यावस्थाको हेरचाह र बाल शिक्षाका बारेमा अभिभावकलाई अभिमुखीकरण गर्ने ।

### १०. २ समतामूलक पहुँचको सुनिश्चिततासहितको आधारभूत शिक्षा

क. आधारभूत तहमा समुदायका सबै लिङ्ग, धर्म, वर्ण, जातजाति, समुदाय,आर्थिक अवस्था, शारीरिक अवस्थार भौगोलिक अवस्थाका बालबालिकालाई अनिवार्य रूपमा भर्ना गर्ने र कक्षामा टिकाउने प्रबन्ध मिलाउने ।

ख. आधारभूत शिक्षा पूर्ण रूपमा निःशुल्क गर्ने ।

ग. आधारभूत तहका कक्षा ३ सम्म आवश्यकताका आधारमा  स्थानिय भाषामा पठनपाठनको व्यवस्था गर्ने ।

घ. वालबिकास देखी कक्षा ५ सम्मका वालवालिकाहरुलाई दिवा खाजाको प्रबन्ध गर्ने ।

ङ. आधारभूत तहका विद्यालय र कक्षालाई भौतिक व्यवस्थापन र शिक्षणविधिले बालमैत्री बनाउने ।

**१०.३ प्राविधिक ज्ञान र सीप भएका जनशक्ति उत्पादन गरने माध्यमिक शिक्षा**

क. माध्यमिक तहका सबै विद्यालयहरूमा पुस्तकालय प्रयोगशाला कम्प्युटर ल्याबको अनिवार्य व्यवस्था गरिने ।

ख. माध्यमिक तहको शिक्षामा आवश्यकताका आधारमा प्राविधिक धारका कार्यक्रम समावेश गरी व्यावसायिक जनशक्ति उत्पादनमा जोड दिइने ।

**१०.४ मदरसा शिक्षाको सुदृढीकरण**

क. यस गाउँपालिकामा रहेका मदरसामा सञ्चालित शैक्षिक कार्यक्रममा न्यूनतम पूर्वाधारको विकास गर्ने,

ख. पाठ्यक्रम र जनशक्ति विकास र सेवा प्रवाहमा एकरूपता ल्याई गुणस्तरीयताको सुनिश्चितता गर्ने।

**१०.५ शैक्षिक गुणस्तर**

क. विद्यालय शिक्षाका हरेक तहमा गुणस्तरीयता कायम गर्नका लागि स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मानकका आधारमा गुणस्तरीय शिक्षाको मौलिक मापदण्ड बनाई लागु गर्ने ।

ख. यस गाउँपालिकाका विद्यालय कक्षाकोठा, पुस्तकालय, खेलमैदान, प्रयोशाला, शौचालयको न्यूनतम स्तरको ढाँचा तयार गरी प्रभावकारी कार्यान्वयन गर्ने ।

ग. विद्यालयमा बन्ने सबै संरचनामा सबैको पहुँचयोग्य बनाउँदै समावेशी प्रयोग हुन सक्ने अवस्थाको सुनिश्चितता गरिने ।

घ. विद्यालयमा अन्य समूहका गैह्रशैक्षिक गतिविधि गर्न निषेध गरिने छ ।

ङ. विद्यालयसँग सम्बन्धित पक्ष शिक्षक, अभिभावक र विद्यार्थीको आचारसंहिता बनाई लागु गरिने छ ।

**१०.६ अपाङ्गतामैत्री वातावरण**

क. विद्यालयका सबै भौतिक तथा व्यवस्थापकीय संरचना अपाङ्गतामैत्री बनाइने ।

ख. कक्षा क्रियाकलाप समावेशी अपनाइने ।

ग. अपाङ्गताको प्रकृति हेरी पाठ्यक्रम, सिकाइ सामग्री, कक्षा क्रियाकलाप र मूल्याङकन पद्धति अपाङ्गतामैत्री बनाइने ।

घ. अपाङ्गता भएका बालबालिकालाई नियमित कक्षामा समावेश गर्नका लागि आवश्यक साधन उपलब्ध गराई उपयुक्त वातावरणको सिर्जना गरिने ।

ङ. जटिल प्रकृतिका अपाङ्गता भएका बालबालिकालाई सिकाउनका लागि अनुकूल स्रोत कक्षाको वा विशेष कक्षाको व्यवस्था समेत मिलाइने ।

च. बालबालिकाहरूलाई विद्यालय भर्ना हुँदाका बखत स्क्रिनिङंग गर्ने पद्धतिको व्यवस्था मिलाउने ।

**१०.७ स्थानीय पाठ्यक्रम**

क. आधारभूत तहको कक्षा १-८ मा आधारभूत तहको राष्ट्रिय पार्यक्रमले दिएको प्रावधान अनुसार १०० पूर्णाङ्कको स्थानीय पाठ्यक्रम बनाई लागु गरिने छ ।

**१०.८ निजी विद्यालयको नियमन**

क. निजी स्तरबाट सञ्चालित विद्यालय शिक्षालाई सुलभ, समावेशी र गुणस्तरीय बनाउन प्रभावकारी नियमन गर्ने ।

ख. न्यूनतम पूर्वाधार पूरा गर्न नसक्ने निजी विद्यालय खारेज गरिने छ ।

**१०.९ पेसागत तालीम**

क. विद्यालय शिक्षामा कार्यरत शिक्षक र कर्मचारीको पेसागत तालिमलाई समावेशी, अपाङ्गतामैत्री र बालमैत्री विषयवस्तुहरू समावेश गरी निरन्तरता दिइने ।

ख. सबै तहका शिक्षकलाई शिक्षणमा सूचना प्रविधिको प्रयोगसम्बन्धी तालिम अनिवार्य गरिने ।

ग. विद्यालयमा कार्यरत कर्मचारीलाई विद्यालय व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग अनिवार्य गर्नका लागि तालिमको प्रबन्ध मिलाइने छ ।

**१०.१० विद्यालय व्यवस्थापनमा समावेशिता**

क. विद्यालय व्यवस्थापन समितिको गठन समावेशी आधारमा गर्ने ।

ख. शिक्षक अभिभावक संघको गठन समावेशी आधारमा गर्ने ।

ग. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई समावेशी शिक्षाको फाइदा र यसको सदुपयोग गर्ने उपायका बारेमा नियमित रूपमा अभिमुखीकरण वा तालिम व्यवस्था गर्ने ।

(राष्ट्रिय शिक्षा ऐन र नियमावली मर्म विपरीत नहुनेगरी विध्यालय व्यवस्थापन गठन गरिने छ)

### १०.११ विद्यालयमा सूचना सञ्चार प्रविधिको प्रयोग

क. सबै विद्यालयमा सूचना सञ्चार प्रविधिको पूर्वाधार विस्तारका लागि कम्प्युटर ल्याबको व्यवस्था गर्ने ।

ख. सबै शिक्षकलाई कम्प्युटर तालिम उपलब्ध गराउने ।

ग. अनलाइन र अफलाइन विधिबाट अध्ययन गर्न मिल्ने गरी सबै कक्षाका सबै विषयका सिकाइ सामग्रीको विकास गर्ने ।

घ. अभिभावक शिक्षा कार्यक्रम स्थानीय एफ एम रेडियोमार्फत सञ्चालन गर्ने ।

ङ. रेडियो, टेलिभिजनर भिडियोको प्रयोगबाट शिक्षण गर्न मिल्ने गरी सिकाइ सामग्रीको विकास गर्ने ।

### १०.१२ वैकल्पिक शिक्षाको प्रयोग

क. समुदायमा आधारित निरन्तर शिक्षाका माध्यमबाट निराक्षरता उन्मूलन गर्ने ।

ख. समुदायका हरेक व्यक्तिलाई वित्तीय र डिजिटल साक्षरताको सुविधा उपलब्ध गराउने ।

ग. वैकल्पिक शिक्षाका विभिन्न विधिहरू पहिचान गरी शिक्षालाई सीपसँग सामीप्य गराउने ।

घ. सीप सिकाइ र आयआर्जनका कार्यक्रममा अपाङ्गता भएका व्यक्ति र बिभिन्न कारणले अवसरबाट बन्चित वर्गलाई प्राथमिकता दिने ।

ङ. सीप सिकेका व्यक्तिलाई लघु उद्यममा जोडिनका लागि निर्व्याजी सुरुवाती पुँजीको व्यवस्था गर्ने ।

च. सीप सिकेर निर्ब्याजी सुरुवाती पुँजीको खोजीमा रहेका व्यक्तिहरूमा अपाङ्गता भएका, दलित र गरिबीको दुश्चक्रमा फसेका व्यक्तिलाई प्राथमिकता दिने ।

## ११. नीति कार्यान्वयनको जिम्मेवारी

समावेशी शिक्षा नीति, २०७७ लाई कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी ब्रह्मपुरी गाउँपालिकाको हुनेछ । यस पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई नीति कार्यान्वयनको संपर्क केन्द्रका रूपमा स्थापित गरी सबै विद्यालयमा रहेका विद्यालय व्यवस्थापन समितिमार्फत कार्यान्वयन गरिने छ। नीति कार्यान्वयनको  प्रमुख स्थलका

रूपमा विद्यालयलाई लिइने छ ।

## १२. संस्थागत व्यवस्था

ब्रह्मपुरी गाउँपालिकाको समावेशी शिक्षा नीति, २०७७ को कार्यान्वयन गर्न देहायबमोजिमका एकाइहरू क्रियाशील हुनेछन् ।

क) गाउँसभा

ख) गाउँ कार्यपालिका

ग) सामाजिक विकास समिति

घ) शिक्षा युवा तथा खेलकुद शाखा

ङ) विद्यालय व्यवस्थापन समिति

च) शिक्षक अभिभावक संघ

छ) प्रधानाध्यापक र शिक्षकहरू

## १३. कानुनी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकारभित्र रही ब्रह्मपुरी गाउँपालिकाको समावेशी शिक्षा नीति, २०७६ लाई कार्यान्वयन गर्न यस गाउँपालिकाले शिक्षा ऐन, नियम र कार्यविधि बनाई कार्यान्वयनमा ल्याउने छ ।

## १४. अनुगमन तथा मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको समग्र अवस्थाको अनुगमन र मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ । गाउँ कार्यपालिकाले यस कार्यका लागि सामाजिक विकास समितिलाई प्रमुख जिम्मेवार बनाई यसको अभिलेखीकरणको कार्य शिक्षा, युवा तथा खेलकुद शाखामा हुने व्यवस्था मिलाइने छ ।